# मुलुकी देवानी कार्यविधि संहिता, २०७४ लाई संशोधन गर्न बनेको विधेयक

**प्रस्तावना** : मुलुकी देवानी कार्यविधि संहिता, २०७४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,
संघीय संसदले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस संहिताको नाम "मुलुकी देवानी कार्यविधि (पहिलो संशोधन) संहिता, २०८१" रहेको छ।

(२) यो संहिता तुरुन्त प्रारम्भ हुनेछ।

२. **मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १८ मा संशोधनः** मुलुकी देवानी कार्यविधि संहिता, २०७४ (यसपछि "मूल संहिता" भनिएको) को दफा १८ को,-

(१) उपदफा (२) को खण्ड (क) मा रहेका “बहाल, बाली वा बिगोको प्रश्न समावेश भएको वा” भन्ने शब्दहरु झिकिएका छन्।

(२) उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छः-

“(४) एकासगोलका अंशियारहरुले भिन्न भिन्न जिल्ला अदालतमा अंश मुद्दा दायर गरेको देखिन आएमा सबै अंश मुद्दाको एकै पटक फैसला गर्ने गरी त्यस्तो अदालतमा सबै मुद्दा स्थानान्तरण गर्ने आदेश दिन सक्नेछ।"

३. **मूल संहिताको दफा ५७ मा संशोधनः** मूल संहिताको दफा ५७ को सट्टा देहायको दफा ५७ राखिएको छः-

“५७. क्षेत्राधिकार भएको अदालतमा पठाउनेः (१) कसैले कुनै अदालतमा निवेदन वा फिरादपत्र दायर गरेकोमा त्यस्तो निवेदन वा फिरादपत्रको कारवाही, सुनुवाई र किनारा गर्ने अधिकार क्षेत्र त्यस्तो अदालतलाई भएको नदेखिएमा अदालतले तत् सम्बन्धी कारवाही, सुनुवाई र किनारा गर्नको लागी अधिकार क्षेत्र भएको अदालतमा मुद्दाका पक्षहरुलाई तारिख तोकी हाजिर हुन जानु भनी आदेश दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको आदेश प्राप्त भएमा अधिकार क्षेत्र भएको अदालतबाट मुद्दाको कारवाही, सुनुवाई र किनारा गर्नु पर्नेछ।“

४. **मूल संहिताको दफा १०७ मा संशोधनः** मूल संहिताको दफा १०७ को उपदफा (१) मा देहायको स्पष्टीकरण थपिएको छः-

“स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि “अभिलेख गर्न सकिने उपाय” भन्नाले मुद्दाको पक्षले फिरादपत्र वा प्रतिउत्तर पत्र दर्ता गर्दा भरेको स्वघोषणा फाराममा खुलाएको मोबाइल नम्बर वा इमेल ठेगानामा अदालतबाट म्याद वा सूचनाबारे पक्षलाई जानकारी गराएको र त्यस्तो म्याद वा सूचना पक्षको मोबाइल वा इमेल ठेगानामा पुगेको देखिने विद्युतीय निस्सा सम्झनु पर्छ।"

५. **मूल संहिताको दफा ११५ मा संशोधनः** मूल संहिताको दफा ११५ को उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छः-

“(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अदालतको प्रादेशिक अधिकारक्षेत्र भन्दा बाहिर रहे बसेको व्यक्तिको मिसिलबाट मोबाइल नम्बर वा इमेल ठेगाना खुलेको अवस्थामा त्यस्तो मोबाइल नम्बर वा इमेल ठेगाना निजको हो भन्ने यकिन गरी अदालतबाट तामेल गर्नु पर्ने म्याद वा सूचना निजको मोबाइल वा इमेल ठेगानामा पठाउन सकिनेछ र त्यस्तो म्याद वा

सूचना सम्बन्धित व्यक्तिको मोबाइल वा इमेल ठेगानामा पुगेको देखिने विद्युतीय निस्सा मिसिलमा राखिएको रहेछ भने त्यसलाई म्याद वा सूचना तामेल भएको मानिनेछ।"

६. **मूल संहिताको दफा १३३ मा संशोधनः** मूल संहिताको दफा १३३ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) दफा १३२ बमोजिम प्रारम्भिक सुनुवाई गर्दा त्यस्तो मुद्दामा फिरादपत्र दर्ता गर्ने हकदैया नभएको वा हदम्यादभित्र मुद्दा दायर नभएको देखिएमा अदालतले त्यस्तो मुद्दा खारेज गर्ने फैसला गर्नु पर्नेछ।"

(२) उपदफा (२) पछि देहायको उपदफा (३) राखिएको छः-

"(३) दफा १३२ बमोजिम सुनुवाई गर्दा जुन अदालतमा निवेदन वा फिरादपत्र दर्ता भएको छ सो अदालतलाई त्यस्तो मुद्दाको कारबाही, सुनुवाई र किनारा गर्ने अधिकारक्षेत्र रहेको नदेखिएमा दफा ५७ बमोजिम सम्बन्धित अदालतमा मुद्दाको कारबाही, सुनुवाई र किनाराको लागि पठाउनु पर्नेछ।"

७. **मूल संहिताको दफा १३४ मा संशोधनः** मूल संहिताको दफा १३४ को उपदफा (२) र (३) को सट्टा देहायका उपदफा (२) र (३) राखिएका छन्ः-

"(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अदालतले सुनवाई गरी आदेश गर्दा हदम्याद वा हकदैयाको विषयमा प्रवेश नगरी अन्य विषयको आदेश गरेमा सो विषय जुनसुकै अवस्थामा उठाउन सकिनेछ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि हदम्याद वा हकदैया नभएको भनी निवेदन वा फिराद खारेज भएमा सो फैसला उपर पुनरावेदन सुन्ने अदालतमा दफा २०५ बमोजिम पुनरावेदन गर्न र अन्य आदेश भएमा दफा १५७ बमोजिम निवेदन दिन बाधा पुगेको मानिने छैन।"

८. **मूल संहिताको दफा १४१ मा संशोधनः** मूल संहिताको दफा १४१ को उपदफा (१) को खण्ड (घ) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर अंश मुद्दाको हकमा मुलुकी देवानी संहिता, २०७४ को दफा २२५ बमोजिम गर्नु पर्नेछ र सरकारी वा सार्वजनिक जग्गामा भोग देखाई फाँटबारी पेश गरेको वा त्यस्तो जग्गा मिचेको वा खिचोला गरेको भन्ने मुद्दामा यस दफा बमोजिम डिसमिस नगरी ठहरे बमोजिम फैसला गर्नु पर्नेछ।"

९. **मूल संहिताको दफा १७२ मा संशोधनः** मूल संहिताको दफा १७२ को उपदफा (७) पछि देहायको उपदफा (८) थपिएको छः-

"(८) उपदफा (७) बमोजिम प्रमाण कागज जाँच भई आए पछि पक्षले दाबी गरेको कुरा प्रमाणित भएमा किर्ते वा जालसाजी गर्ने पक्षलाई अदालतले सोही मुद्दाबाट आवश्यक कारबाही गरी मुलुकी अपराध संहिता, २०७४ को भाग-२ को परिच्छेद-२५ बमोजिमको सजाय गर्न र दाबी प्रमाणित हुन नसकेमा किर्ते वा जालसाजी दाबी गर्ने पक्षलाई सोही संहिताको दफा ९८ बमोजिम झुट्टा उजुरी दिएको कसूरमा हुने सरहको सजाय गर्न सक्नेछ।"

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

१०. **<u>मूल संहिताको दफा १७५ मा संशोधनः</u>** मूल संहिताको दफा १७५ को सट्टा देहायको दफा १७५ राखिएको छः-

"१७५. <u>बयान लिई कारबाही, सुनुवाई र किनारा गर्नु पर्नेः</u> (१) कुनै देवानी मुद्दामा प्रतिवादीको प्रतिउत्तरपत्र वा बयानबाट उठेको प्रचलित कानून बमोजिम फौजदारी कायम हुने मुद्दा सोही मिसिलबाटै पक्षको बयान गराई मुद्दाको कारबाही, सुनुवाई र किनारा गर्नु पर्नेछ।

(२) प्रचलित कानून बमोजिम कुनै खास किसिमका मुद्दा मात्र हेर्ने अधिकार पाएको अदालतले सोही कानून बमोजिमका मुद्दा मात्र कारबाही, सुनुवाई र किनारा गर्नु पर्नेछ।

तर फौजदारी कायम हुने मुद्दा सो सम्बन्धी शुरु मुद्दा हेर्ने सम्बन्धित जिल्ला अदालतमा कारबाही, सुनुवाई र किनारा गर्न पठाउनु पर्नेछ।

(३) प्रचलित कानून बमोजिम अंश पाऊँ वा सम्बन्ध विच्छेद गरी पाऊँ भन्ने मुद्दामा प्रतिवादीले वादीसँगको नातामा विवाद उठाएमा सो प्रश्न निरूपण गरेर मात्र अंश वा सम्बन्ध विच्छेदको प्रश्नमा फैसला गर्नु पर्नेछ।"

११. **<u>मूल संहिताको दफा १९३ मा संशोधनः</u>** मूल संहिताको दफा १९३ को उपदफा (१) पछि देहायका उपदफा (१क) र (१ख) थपिएका छन्:-

"(१क) मुद्दा मिलापत्रको लागि पक्ष अदालतमा उपस्थित भएको दिन तारिख नतोकिएको भए तापनि तारिख अघि सारी मिलापत्र गरिदिन वा मुद्दाको कुनै पक्ष उपस्थित नभएको वा नझिकाइएको वा तारिख गुजारेर बसेको भए पनि सहभागी हुन पाऊँ भनी निवेदन दिएमा अदालतले मिलापत्रको प्रयोजनको लागि त्यस्तो पक्षलाई समेत उपस्थित हुन अनुमति दिई मिलापत्रमा सहभागी गराई मिलापत्र गराइ दिन सक्नेछ।

(१ख) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि फैसला कार्यान्वयनको चरणमा समेत पक्षहरूले मिलापत्र गर्न अदालतमा संयुक्त निवेदन दिएमा अदालतले मिलापत्र गराउन सक्नेछ।"

१२. **<u>मूल संहिताको दफा १९६ मा संशोधनः</u>** मूल संहिताको दफा १९६ को उपदफा (१) मा रहेका "नेपाल सरकार वादी हुने" भन्ने शब्दहरु पछि "वा नेपाल सरकारको हित वा सरोकार रहेको" भन्ने शब्दहरु राखिएका छन्।

१३. **<u>मूल संहिताको दफा २०० मा संशोधनः</u>** मूल संहिताको दफा २०० को उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छः-

"(४) उपदफा (३) को प्रयोजनको लागि फैसला गर्दाको बखत मुद्दाको पक्ष आफैं वा निजको वारिस उपस्थित भएको रहेछ भने पनि मुद्दाको पक्ष उपस्थित भएको मानिनेछ।"

१४. **<u>मूल संहिताको दफा २०५ मा संशोधनः</u>** मूल संहिताको दफा २०५ को उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छः-

"(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि फैसला सुनिपाएको कागज नगरेको वा पुनरावेदनको म्याद तामेल नभएको अवस्था भए तापनि फैसला सम्बन्धित अदालतको

वेबसाइटमा प्रकाशन भएको मितिले एक वर्ष नाघे पछि भने पक्षले फैसला भएको स्वतः थाहा पाएको मानी पुनरावेदनको म्याद शुरु हुनेछ।“

१५. **<u>मूल संहिताको दफा २१३ मा संशोधनः</u>** मूल संहिताको दफा २१३ को उपदफा (३) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

“तर दोहोरो पुनरावेदन परेको रहेछ भने सोही दिन फैसला गर्न वा दुवै पक्षको पुनरावेदन एक अर्कोलाई जानकारी दिई अर्को मिति तोकी सुनुवाई गर्न बाधा पर्ने छैन।“

१६. **<u>मूल संहिताको दफा २२५ मा संशोधनः</u>** मूल संहिताको दफा २२५ को,-

(१) उपदफा (१) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

“तर मृत्यु भएको वा होस ठेगानमा नरहेको वा बेपत्ता भएको व्यक्तिले एक्काइस दिन भन्दा पछि अदालतमा उपस्थित हुने गरी तारिख लिएको भए त्यस्तो व्यक्तिको हकवालाले सोही तारिखको दिन मुद्दा सकार गर्न बाधा पर्ने छैन।"

(२) उपदफा (१क) मा रहेका "उपदफा (५)" भन्ने शब्दहरूको सट्टा "उपदफा (१)" भन्ने शब्दहरू राखिएका छन्।

१७. **<u>मूल संहिताको दफा २३८ मा संशोधनः</u>** मूल संहिताको दफा २३८ को उपदफा (१२) मा रहेका “सात दिने” भन्ने शब्दहरु झिकिएका छन्।

१८. **<u>मूल संहिताको दफा २४२ मा संशोधनः</u>** मूल संहिताको दफा २४२ को उपदफा (१४) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

“तर माना चामल भराए बापत अदालतले त्यस्तो दस्तुर लिने छैन।"

१९. **<u>मूल संहितामा दफा २४२क. थपः</u>** मूल संहिताको दफा २४२ पछि देहायको दफा २४२क. थपिएको छः-

“२४२क. <u>निवेदनबाट कारबाही हुन सक्नेः</u> (१) फैसला कार्यान्वयनको अवस्थामा रहेको सम्बन्धित चल वा अचल सम्पत्ति मुद्दा चल्दा चल्दैको अवस्थामा कुनै किसिमबाट हस्तान्तरण गरिएको भए त्यस्तो कारोबार बदर गर्नको लागि मुद्दाको पक्षले अदालतमा निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन पर्न आएमा त्यस्तो सम्पत्ति लेनदेन, हक हस्तान्तरण गर्ने व्यक्तिलाई अदालतले सात दिने म्याद जारी गरी बुझी सोही मुद्दाको मिसिलबाट कारबाही र किनारा गर्नु पर्नेछ।"

२०. **<u>मूल संहिताको दफा २४९ मा संशोधनः</u>** मूल संहिताको दफा २४९ को उपदफा (२) मा रहेका “भाखा गराई दिएको” भन्ने शब्दहरुको सट्टा “मानाचामल भराई दिएको” भन्ने शब्दहरु राखिएका छन्।

२१. **<u>मूल संहिताको दफा २५२ मा संशोधनः</u>** मूल संहिताको दफा २५२ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

“(२) फैसला कार्यान्वयन गर्ने कार्यमा अवरोध गर्ने व्यक्तिलाई अदालतले न्याय प्रशासन सम्बन्धी प्रचलित कानून बमोजिम अदालतको अवहेलनामा कारबाही चलाई सजाय गर्न सक्नेछ।"

२२. **<u>मूल संहिताको दफा २६१ मा संशोधनः</u>** मूल संहिताको दफा २६१ को उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छः-

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

"(३) सरकार वा सरकारी निकायको हित वा सरोकार जोडिएको कुनै पनि विषयमा सरकारी निकाय वा सो मातहतको परियोजनाको तर्फबाट मध्यस्थता ऐन, २०५५ वा प्रचलित कानून बमोजिम गठन भएको मध्यस्थता समक्ष बहस पैरवी र प्रतिरक्षा गर्ने अधिकार महान्यायाधिवक्ताले तोकेको सरकारी वकिललाई हुनेछ।"

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय